# आर्थिक गतिविधि अध्ययन

(काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा,
सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रबाट
प्राप्त तथ्याङ्क, सूचना एवम् स्थलगत
अध्ययनमा आधारित)

## अर्ध-वार्षिक प्रतिवेदन

(आर्थिक वर्ष २०७१/७२)

**नेपाल राष्ट्र बैंक**

अनुसन्धान विभाग

आर्थिक विकास शाखा

बालुवाटार, काठमाण्डौ ।

२०७१ चैत

## अध्ययन विधि तथा समेटिएको क्षेत्र

नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागले आर्थिक वर्ष २०७०/७१ देखि कार्यान्वयनमा ल्याएको "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७०" अनुरुप अनुसन्धान विभाग, आर्थिक विकास शाखा तथा नेपाल राष्ट्र बैंकका काठमाण्डौ उपत्यका बाहिरका कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) का कार्यक्षेत्र अन्तर्गतका निम्नानुसारका ४७ जिल्लाहरुको समग्र आर्थिक गतिविधि सम्बन्धी विभिन्न तथ्याङ्क एवम् सूचना र स्थलगत अध्ययनका आधारमा तयार पारिएका प्रतिवेदनहरु प्रशोधन गरी यो समष्टिगत अर्ध-वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

| क्षेत्र | अध्ययनमा समेटिएका जिल्लाहरू |
|---|---|
| काठमाण्डौ | काठमाण्डौ, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, सिन्धुपाल्चोक, रसुवा र दोलखा |
| विराटनगर | इलाम, झापा, सुनसरी, मोरङ्ग, धनकुटा र सप्तरी |
| जनकपुर | सिराहा, धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र उदयपुर |
| वीरगञ्ज | वारा, पर्सा, मकवानपुर, रौतहट र चितवन |
| पोखरा | कास्की, स्याङ्जा, गोर्खा, तनहुँ, लमजुङ, बाग्लुङ, पर्वत र म्याग्दी |
| सिद्धार्थनगर | रूपन्देही, नवलपरासी, कपिलवस्तु र पाल्पा |
| नेपालगञ्ज | बाँके, बर्दिया, दाङ र सुर्खेत |
| धनगढी | कैलाली, कञ्चनपुर, डडेल्धुरा, डोटी र बैतडी |

# विषय-सूची


| | | पेज नं. |
|---|---|---|
| **सारांश** | | **१-२** |
| **परिच्छेद १ कृषि क्षेत्र** | | **३-७** |
| १.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ३ |
| १.२ | कृषि उत्पादन | ४ |
| १.३ | सिँचाइ सुविधा | ६ |
| १.४ | क्षेत्रगत कृषि कर्जा स्थिति | ६ |
| १.५ | कृषि उत्पादनको परिदृश्य | ६ |
| **परिच्छेद २ औद्योगिक क्षेत्र** | | **८-१०** |
| २.१ | प्रमुख उद्योगहरुको क्षमता उपयोग तथा उत्पादन स्थिति | ८ |
| २.२ | क्षेत्रगत औद्योगिक कर्जा स्थिति | ९ |
| २.३ | औद्योगिक उत्पादनको परिदृश्य | १० |
| **परिच्छेद ३ सेवा क्षेत्र** | | **११-१३** |
| ३.१ | पर्यटन उद्योग | ११ |
| ३.२ | घर-जग्गा कारोबार | ११ |
| ३.३ | वित्तीय सेवा | ११ |
| ३.४ | यातायात तथा संचार | १२ |
| ३.५ | सेवा क्षेत्रको परिदृश्य | १३ |
| **परिच्छेद ४ प्रमुख चुनौतीहरु** | | **१४-१५** |
| ४.१ | कृषि क्षेत्र | १४ |
| ४.२ | उद्योग क्षेत्र | १४ |
| ४.३ | सेवा क्षेत्र | १५ |
| ४.४ | पूर्वाधार क्षेत्र | १५ |

# सारांश

१. आर्थिक वर्ष २०७१/७२ को पहिलो छ महिनामा यस आर्थिक गतिविधि अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको **कृषि क्षेत्रको समग्र अवस्था सामान्य रहेको छ**। समीक्षा अवधिमा कृषि उपजले ढाकेको समग्र भू-क्षेत्रमा सामान्य ह्रास आएको छ। प्रमुख खाद्यान्न बालीहरुमध्ये धान, मकै, आलु लगायतको उत्पादनमा ह्रास आएको छ भने कोदो, जौ, फापर, उखु, सुर्ती, भटमास, दलहन तथा तेलहनको उत्पादनमा वृद्धि भएको छ। वनजन्य वस्तु काठ, दाउरा र औषधिजन्य वस्तुको उत्पादनमा ह्रास आएको छ भने दुध, मासु, अण्डा तथा माछाको उत्पादनमा वृद्धि भएको छ। यसैगरी, तरकारी तथा बागवानी, फलफूल तथा मसला बाली एवम् मासुजन्य उत्पादनमा समेत वृद्धि भएको देखिन्छ। समीक्षा अवधिमा प्रमुख खाद्यान्न बालीहरुमध्ये **धानको उत्पादनमा ३.२ प्रतिशतले, मकैको उत्पादनमा २.४ प्रतिशतले र आलुको उत्पादनमा १.६ प्रतिशतले ह्रास आएको छ भने तरकारी तथा वागवानीमा १३.१ प्रतिशतले वृद्धि भएको छ**। यस अवधिमा अध्ययन क्षेत्र अर्न्तगतका बैंक तथा वित्तीय संस्थाहरुद्वारा प्रवाहित **कृषि कर्जामा ७.४ प्रतिशतले वृद्धि भएको छ**।

२. अध्ययनमा समेटिएका **उद्योगहरुले कुल उत्पादन क्षमताको औसतमा ५१.३ प्रतिशत उपयोग गरेका छन्**। समीक्षा अवधिमा वनस्पति घिउ, भटमासको तेल, तोरीका तेल, प्रशोधित दूध, गहुँको पिठो, पशुदाना, चिनी, हल्का पेय पदार्थ, प्लाष्टिकका सामान, सिमेन्ट, फलामको छड तथा पत्ति, घरेलु धातुका सामान, विजुलीका तार र केबुल एवम् कपडाको जुत्ताको उत्पादन बढेको छ भने, चामल, विस्कुट, मदिरा, चुरोट, धागो, पश्मिना, जुटका सामान, गार्मेन्ट, औषधि, साबुन तथा जि.आई.तार आदिको उत्पादनमा ह्रास आएको छ। त्यसैगरी, समीक्षा वर्षमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको समग्र **औद्योगिक कर्जा १२.४ प्रतिशतले वृद्धि भएको छ**।

३. समीक्षा अवधिमा **घरजग्गा कारोबारमा केही सुधार देखिएको** छ। घर-जग्गा रजिष्ट्रेशन संख्यामा १.८ प्रतिशतले वृद्धि भएको छ भने रजिष्ट्रेशन वापतको राजस्व संकलनमा ३९.९ प्रतिशतले वृद्धि भएको छ।

४. वित्तीय सेवा अन्तर्गत अध्ययनमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले समीक्षा अवधिमा संकलन गरेको **कुल निक्षेप ७.२ प्रतिशतले वृद्धि** भएको छ भने **कुल कर्जा प्रवाहमा ११.६ प्रतिशतले वृद्धि भएको** छ। गत वर्षको सोही अवधिको अन्तमा ७७.७ प्रतिशत रहेको **कर्जा/निक्षेप अनुपात समीक्षा अवधिमा ८०.९ प्रतिशत रहेको** छ। बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको **कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ७०.२ प्रतिशत रहेको छ भने कुल कर्जामा यस क्षेत्रको अंश ५६.८ प्रतिशत रहेको** छ।

५. समीक्षा अवधिमा **दर्ता भएका कुल सवारी साधन संख्यामा ८.५ प्रतिशतले वृद्धि भएको** छ। त्यसैगरी, संचार क्षेत्र अन्तर्गत नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल (सिडिएमए समेत) **तथा ल्याण्ड लाईन टेलिफोनको संख्यामा २२.२ प्रतिशतले वृद्धि भएको छ भने कुल वितरित ईन्टरनेट सेवामा ४८.६ प्रतिशतले वृद्धि भएको** छ।

६. कृषि क्षेत्रमा **सिंचाई सुविधामा विस्तार नहुनु, उन्नत जातका बीउ-बिजन तथा गुणस्तरीय रासायनिक मलको सहज आपूर्ति हुन नसक्नु, कृषि श्रमिकहरुको अभाव रहनु, कृषि औजारहरु सहज रुपमा उपलव्ध नहुनु, कृषि प्रसार सेवा कमजोर हुनु, वित्तीय पहुँच न्यून हुनु तथा लगानीको सुनिश्चितता** जस्ता चुनौतीहरु विद्यमान रहेका छन्। साथै, उद्योग क्षेत्रमा **ऊर्जा संकटको दीर्घकालीन समाधान, औद्योगिक पूर्वाधारको विकास, लगानीमैत्री वातावरण सृजना गरी स्वदेशी तथा विदेशी लगानी आकर्षित** गर्नु प्रमुख चुनौति रहेको छ।


त्यसैगरी, **वित्तीय सेवाको पहुँचमा अभिवृद्धि, वित्तीय साक्षरता अभियान, व्यवस्थित र स्तरीय पर्यटन सेवाको विकास तथा विस्तार** आदि सेवा क्षेत्रका प्रमुख चुनौतिहरु रहेका छन् ।

७. स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्क एवम् सरोकारवालाहरुसँगको छलफल तथा अन्तर्क्रियाको आधारमा आंकलन गर्दा आर्थिक वर्ष २०७१/७२ मा **मुलुकको समग्र आर्थिक वृद्धि सामान्य रहने देखिन्छ** । खासगरी, यस वर्ष मौसम ढीला गरी शुरु भएको तथा देशको पश्चिम क्षेत्रमा बाढीले धान वालीमा क्षति पुऱ्याएको भएतापनि तरकारी तथा फलफुल एवम् हिउँदे बालीहरुको उत्पादन सन्तोषप्रद रहने देखिएकोले आगामी अवधिमा **समग्र कृषि क्षेत्रको उत्पादनमा केही सुधार हुने देखिन्छ ।** श्रम सम्बन्धमा आएको सुधार, आन्तरिक मागमा आएको वृद्धि लगायतका कारण उद्योगहरुको क्षमता उपयोग वढ्न जाने अनुमानका आधारमा **यस क्षेत्रमा केही सकारात्मक प्रभाव पर्ने देखिन्छ** ।

# परिच्छेद १
# कृषि क्षेत्र

**१.१. कृषि उपजले ढाकेको भू-क्षेत्र :** आर्थिक वर्ष २०७१/७२ को पहिलो ६ महिनामा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी एवम् फलफूल तथा मसला) ले ढाकेको कुल क्षेत्रफलमा ०.२ प्रतिशतले ह्रास आएको छ। गत वर्षको यसै अवधिमा यस्तो क्षेत्रफलमा २.२ प्रतिशतले वृद्धि भएको थियो।

**(क) खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा १.० प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफल २.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा धान, मकै, जौं, आलु, सनपाट तथा भटमास बालीले ढाकेको क्षेत्रफलमा ह्रास आएको छ भने कोदो, फापर, उखु, सुर्ति, दलहन तथा तेलहन बालीले ढाकेको क्षेत्रफलमा वृद्धि भएको छ।




**(ख) तरकारी तथा बागवानी :** समीक्षा अवधिमा तरकारी तथा बागवानी बालीले ढाकेको क्षेत्रफलमा ६.६ प्रतिशतले वृद्धि भएको छ। गत वर्षको सोही अवधिमा उक्त बालीले ढाकेको क्षेत्रफलमा ०.७ प्रतिशतले वृद्धि भएको थियो।

**(ग) फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफलमा २.३ प्रतिशतले वृद्धि भएको छ। यस किसिमका बालीले ढाकेको क्षेत्रफलमा गत वर्षको सोही अवधिमा २.९ प्रतिशतले वृद्धि भएको थियो।


**(घ) क्षेत्रगत स्थिति :** समीक्षा अवधिमा अध्ययन क्षेत्रका आधारमा कृषि उपजले ढाकेको भू-क्षेत्रमध्ये खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल जनकपुर, वीरगञ्ज र धनगढी क्षेत्रमा वृद्धि भएको छ भने अन्य सबै क्षेत्रहरुमा ह्रास आएको छ । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल काठमाण्डौ क्षेत्र बाहेक अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी क्षेत्रमा घटेको छ भने अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ।

**१.२ कृषि उत्पादन :** समीक्षा अवधिमा प्रमुख कृषि बालीहरु (खाद्य तथा अन्य बाली, तरकारी तथा बागवानी एवम् फलफूल तथा मसला) को कुल उत्पादनमा २.३ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्ता बालीहरुको उत्पादनमा ७.३ प्रतिशतले वृद्धि भएको थियो ।

(क) **खाद्य तथा अन्य बाली :** समीक्षा अवधिमा प्रमुख खाद्य बालीहरु मध्ये धानको उत्पादन ३.३ प्रतिशतले, मकैको उत्पादन २.४ प्रतिशतले, आलुको उत्पादन १.६ प्रतिशतले र सनपाटको उत्पादन २.० प्रतिशतले ह्रास भएको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुमध्ये धानको उत्पादन १०.० प्रतिशतले, मकैको उत्पादन ५.२ प्रतिशतले र आलुको उत्पादनमा १.० प्रतिशतले वृद्धि भएको थियो भने सनपाटको उत्पादनमा २.६ प्रतिशतले ह्रास आएको थियो । यसैगरी, कोदोको उत्पादनमा १.० प्रतिशतले, जौंको उत्पादनमा २.० प्रतिशतले, फापरको उत्पादनमा १.६ प्रतिशतले, उखुको उत्पादनमा ५.२ प्रतिशतले, सुर्तिको उत्पादनमा १५.२ प्रतिशतले, भटमासको उत्पादनमा १४.२ प्रतिशतले, दलहनको उत्पादनमा २.९ प्रतिशतले तथा तेलहनको उत्पादनमा ०.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुमध्ये फापरको उत्पादनमा ८.५ प्रतिशतले, उखुको उत्पादनमा १२.७ प्रतिशतले, भटमासको उत्पादनमा ५.८ प्रतिशतले, दलहनको उत्पादनमा ४.७ प्रतिशतले तथा तेलहनको उत्पादनमा १.९ प्रतिशतले वृद्धि भएको थियो भने कोदोको उत्पादनमा ०.२ प्रतिशतले, जौंको उत्पादनमा १.० प्रतिशतले र सुर्तिको उत्पादनमा २३.३ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा मनसुन ढिला शुरु भएकोले प्रमुख खाद्य बाली धान तथा मकैको उत्पादनमा ह्रास भएको हो ।

भौगोलिक आधारमा तुलना गर्दा समीक्षा अवधिमा अध्ययनले समेटेका क्षेत्रहरुमध्ये काठमाण्डौ, विराटनगर, पोखरा, सिद्धार्थनगर र नेपालगञ्ज क्षेत्रमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमा ह्रास आएको छ भने जनकपुर, वीरगञ्ज र धनगढी क्षेत्रमा यी बालीको उत्पादनमा वृद्धि भएको छ । यस्ता बालीको उत्पादन नेपालगञ्ज क्षेत्रमा सबैभन्दा बढी अर्थात् ६.८ प्रतिशतले ह्रास भएको छ भने पोखरा क्षेत्रमा सबैभन्दा कम अर्थात् ०.५ प्रतिशतले मात्र ह्रास भएको छ । यसैगरी, उक्त बालीहरुको उत्पादन जनकपुर क्षेत्रमा सबैभन्दा बढी अर्थात् ८.२ प्रतिशतले वृद्धि भएको छ ।




(ख) **तरकारी तथा बागवानी** : समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको उत्पादनमा १३.१ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा उक्त समूहको उत्पादन ४.९ प्रतिशतले वृद्धि भएको थियो । युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्ने तथा वैदेशिक रोजगारबाट स्वदेश फर्केकाहरुको सीपलाई व्यवहारमा लागु गर्ने उद्देश्यले सरकारबाट ल्याइएको युवा लक्षित कार्यक्रम,

उन्नत बीउ तथा किटनाषक औषधीको सहज आपूर्ति, आधुनिक प्रविधिको प्रयोग एवम् बढ्दो मागसँगै आकर्षक बजार मूल्यका कारण कृषकहरु यस खेतीतर्फ आकर्षित भएकाले खेती गरिएको क्षेत्रफल तथा उत्पादनमा क्रमिक वृद्धि हुँदै आएको छ ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा तरकारी तथा बागवानी समूहको समग्र उत्पादन नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रहरुमा वृद्धि भएको छ ।

(ग) **फलफूल तथा मसला :** समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन ६.५ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादनमा २.५ प्रतिशतले वृद्धि भएको थियो । यस समूह अन्तर्गत सुन्तलाको उत्पादन ५.३ प्रतिशतले, केराको उत्पादन ६.६ प्रतिशतले, स्याउको उत्पादन २०.७ प्रतिशतले, मसलाको उत्पादन ३.५ प्रतिशतले, चियाको उत्पादन ५.२ प्रतिशतले, कफीको उत्पादन २.३ प्रतिशतले तथा अन्य फलफूलको उत्पादन २०.५ प्रतिशतले वृद्धि भएको छ भने आँपको उत्पादनमा ६.७ प्रतिशतले ह्रास आएको छ । गत वर्षको सोही अवधिमा सुन्तला, केरा, मसला, चिया तथा अन्य फलफूलको उत्पादनमा वृद्धि भएको थियो भने आँप, स्याउ र कफीको उत्पादनमा ह्रास आएको थियो । यस वर्ष आँपको फल लाग्ने समयमा हावाहुरी आउनुका साथै कीराको प्रकोप बढेको कारण उत्पादनमा ह्रास आएको हो ।

क्षेत्रगत रुपमा तुलना गर्दा समीक्षा अवधिमा फलफूल तथा मसला बालीको समग्र उत्पादन काठमाण्डौ, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा तथा धनगढी क्षेत्रमा वृद्धि भएको छ भने सिद्धार्थनगर र नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका २ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।


(घ) **प्रमुख पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन :** समीक्षा अवधिमा दूधको उत्पादनमा ४.० प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा दूधको उत्पादनमा ४.८ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा मासु उत्पादनमा ३.७ प्रतिशतले र अण्डाको उत्पादनमा ४.० प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा मासुको उत्पादनमा १.४ प्रतिशतले वृद्धि भएको थियो भने अण्डाको उत्पादनमा २.५ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा मासुजन्य उत्पादनतर्फ खसी, बोका तथा भेडाको मासु उत्पादन ३.२ प्रतिशतले, सुंगुर तथा बंगुरको मासु उत्पादन ६.० प्रतिशतले र कुखुरा तथा हाँसको मासु उत्पादन १६.८ प्रतिशतले वृद्धि भएको छ भने भैंसी तथा राँगाको मासु उत्पादनमा ३.४ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा माछाको उत्पादन ६.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा माछाको उत्पादनमा ५.९ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा सबै प्रकारका वनजन्य उत्पादनमा ह्रास आएको छ ।

क्षेत्रगतरुपमा तुलना गर्दा दूधको उत्पादनमा सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, मासुको उत्पादनमा काठमाण्डौं क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । अण्डाको उत्पादनमा सबै क्षेत्रहरुमा वृद्धि भएको छ । माछाको उत्पादन नेपालगञ्ज क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा वृद्धि भएको छ । त्यसैगरी, वनजन्य उत्पादनतर्फ काठको उत्पादनमा विराटनगर र वीरगञ्ज क्षेत्रमा वृद्धि भएको छ भने अन्य सबै क्षेत्रमा ह्रास आएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ३ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## १.३ **सिँचाइ सुविधा :** समीक्षा अवधिमा अध्ययनमा समेटिएका ४७ जिल्लाहरुको कुल सिंचित क्षेत्रफल १.७ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सिंचित क्षेत्रफलमा २.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल खेती गरिएको क्षेत्रफलमध्ये ४०.० प्रतिशत क्षेत्रफल सिंचित रहेको देखिन्छ । कुल सिंचित क्षेत्रफलमध्ये ४०.६ प्रतिशत कुलो, ४५.६ प्रतिशत नहर, ३.३ प्रतिशत पोखरी तथा १०.५ प्रतिशत बोरिङ्गबाट सिंचाई भएको देखिन्छ ।

**चार्ट ३ : सिंचाई क्षेत्रमा भएको विस्तार (हजार हेक्टरमा)**




अध्ययन क्षेत्र अनुसार समीक्षा अवधिमा सबै क्षेत्रहरुमा सिंचाई सुविधामा विस्तार भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ४ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## १.४ **क्षेत्रगत कृषि कर्जा स्थिति :** समीक्षा अवधिमा अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कृषि कर्जा ८.० प्रतिशतले वृद्धि भई रु. ५१ अर्ब ७६ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जामा ७.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कृषि कर्जामध्ये सबैभन्दा बढी कर्जा अन्य कृषि तथा कृषिजन्य सेवा शीर्षकमा ३२.४ प्रतिशत अर्थात् रु. १६ अर्ब ७६ करोड रहेको छ भने सबैभन्दा न्यून सूर्ति बालीमा ०.२ प्रतिशत अर्थात् रु. ७ करोड रहेको छ । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये कृषि क्षेत्रमा गएको कर्जाको अंश ४.१ प्रतिशत रहेको छ ।

कृषि क्षेत्रमा प्रवाहित कुल कर्जालाई क्षेत्रगत रुपमा तुलना गर्दा काठमाण्डौ क्षेत्रको अंश २९.२ प्रतिशत, विराटनगर क्षेत्रको १४.५ प्रतिशत, जनकपुर क्षेत्रको ८.६ प्रतिशत, वीरगञ्ज क्षेत्रको १८.९ प्रतिशत, पोखरा क्षेत्रको १०.९ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको १०.१ प्रतिशत, नेपालगञ्ज क्षेत्रको ४.२ प्रतिशत तथा धनगढी क्षेत्रको अंश ३.५ प्रतिशत रहेको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ५ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## १.५ कृषि उत्पादनको परिदृश्य (Outlook)

(क) कृषिजन्य वस्तुको उत्पादन मूलतः मौसमी अवस्थाले निर्धारण गर्ने गरेको वर्तमान अवस्थामा चालु आर्थिक वर्ष २०७१/७२ मा मनसुनी वर्षा ढिला गरी शुरु भएकोले धान खेती ढीला शुरु हुनगएको र मनसुनसँगै आएको बाढीका कारण धानबालीमा क्षती पुग्न गएतापनि हिउँदमा मौसम अनुकूल नै रहेको तथा सरकारीस्तरबाट विभिन्न अभियानमुखी कार्यक्रमहरु संचालनमा रहेको एवम् केही थप साना सिंचाई आयोजनाहरु सम्पन्न हुने अनुमानका आधारमा यस वर्ष खाद्य तथा अन्न बालीको समग्र उत्पादनमा सामान्य वृद्धि रहने अनुमान गरिएको छ ।

तरकारी एवम् फलफूलको बजार मागमा आएको वृद्धिले तरकारी एवम् फलफूल खेतीबाट उच्च प्रतिफल प्राप्त हुने र सरकारीस्तरबाट संचालित युवालक्षित कार्यक्रमका कारण कृषकहरु व्यवसायिक खेतीतर्फ उत्साहित भएकोले यस वर्ष यी समूहको बालीको उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ ।

(ख) कृषि तथा पशुपालन व्यवसायलाई व्यवसायिक बनाउन सरकारीस्तरबाट प्रदान गरिएका अनुदान तथा प्राविधिक सहयोग, पशुबीमा कार्यक्रम लगायत युवालक्षित कार्यक्रमका कारण युवा जनशक्ति यस क्षेत्रतर्फ आकर्षित हुँदै गएकाले मासु, दूध लगायतका पशुजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ । त्यसैगरी, तराईका विभिन्न जिल्लाहरुमा संचालन गरिएका Mission Fish कार्यक्रमबाट मत्स्यपालन व्यवसाय प्रवर्द्धन गरिएको र बढ्दो बजार माग तथा आकर्षक मूल्यका कारण आगामी दिनहरुमा माछाको उत्पादनमा थप विस्तार हुने देखिन्छ ।

# परिच्छेद २
# औद्योगिक क्षेत्र

## २.१ प्रमुख उद्योगहरूको क्षमता उपयोग तथा उत्पादन स्थिति

(क) समीक्षा अवधिमा सर्वेक्षणमा समेटिएका अध्ययन क्षेत्रका उद्योगहरुको औसत क्षमता उपयोग ५१.३ प्रतिशत रहेको छ । यस अवधिमा प्रशोधित चिया उद्योगले सबैभन्दा बढी अर्थात् ९३.४ प्रतिशत उत्पादन क्षमता उपयोग गरेको पाइन्छ भने चामल उद्योगले सबैभन्दा कम अर्थात् १३.४ प्रतिशत मात्र क्षमता उपयोग गरेको छ । समीक्षा अवधिमा मनसुन ढीला हुँदा धान खेती ढीला हुन गएको र मध्यपश्चिममा आएको बाढीका कारण धान बालीलाई असर परेकोले यसको प्रभाव चामल उत्पादनमा पर्न गएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ६ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

(ख) समीक्षा अवधिमा अध्ययनले समेटेका उद्योगहरुमध्ये वनस्पति घिउ, भटमासको तेल, तोरीको तेल, प्रशोधित दूध, गहुँको पिठो, पशुदाना, चिनी, चकलेट, चाउचाउ, प्रशोधित चिया, वियर, हल्का पेय पदार्थ, प्रशोधित छाला, चिरेको काठ, कागज, रोजिन, रङ्ग, प्लाष्टिकका सामान, ईटा, सिमेन्ट, फलामको छड तथा पत्ति, घरेलु धातुका सामान, आल्मुनियम उत्पादन, विजुलीका तार र केवुल, टायर तथा ट्युव र कपडाको जुत्ताको उत्पादनमा वृद्धि भएको छ भने चामल, विस्कुट, मदिरा, चुरोट, धागो, सिन्थेटिक कपडा, पश्मिना, जुटका सामान, गार्मेन्ट, औषधिजन्य वस्तु, साबुन, जि.आई.तारको उत्पादनमा ह्रास आएको छ ।

(ग) समीक्षा अवधिमा वनस्पती घ्यू तथा तेल समूहको उत्पादनमा १५.३ प्रतिशतले, दुग्ध पदार्थको उत्पादनमा २.३ प्रतिशतले, अन्न तथा पशुदाना समूहको उत्पादनमा २१.५ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, अन्य खाद्यपदार्थ समूह अन्तर्गत विस्कुटको उत्पादनमा ह्रास आएतापनि यस समूहको समग्र उत्पादनमा ३९.३ प्रतिशतले र पेय पदार्थ समूहको उत्पादनमा ९.८ प्रतिशतले वृद्धि भएको छ । यसैगरी, प्रशोधित छालाको उत्पादनमा ११.८ प्रतिशतले, चिरेको काठको उत्पादनमा २०.० प्रतिशतले, कागजको उत्पादनमा १८.८ प्रतिशतले, सिमेन्टको उत्पादनमा १७.३ प्रतिशतले, घरेलु धातुका सामानको उत्पादनमा १४.३ प्रतिशतले तथा विजुलिको तार र केबुलको उत्पादनमा ४०.४ प्रतिशतले वृद्धि भएको छ । उन्नत जातका पशुपालनमा वृद्धि हुदै गएको र गत वर्ष कुखुरामा देखिएको बर्डफ्लू रोग नियन्त्रणमा आइसकेको कारण कुखुरा पालन व्यवसाय पुनः फस्टाउन थालेकोले कुखुराको दानाको मागमा आएको वृद्धिका कारण पशुदानाको उत्पादनमा वृद्धि भएको हो । लत्ता कपडा समूह अन्तर्गत पश्मिनाको उत्पादनमा ७०.१ प्रतिशतले, धागोको उत्पादनमा ३.४ प्रतिशतले तथा गार्मेन्टको उत्पादनमा ९.८ प्रतिशतले ह्रास आएको छ । यसैगरी, चामलको उत्पादनमा ३८.६ प्रतिशतले, विस्कुटको उत्पादनमा १६.० प्रतिशतले, मदिराको उत्पादनमा ८.६ प्रतिशतले, चुरोटको उत्पादनमा २२.६ प्रतिशतले र जि.आई.तारको उत्पादनमा १३.८ प्रतिशतले गिरावट आएको छ ।

(घ) क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा मुख्यतः प्रशोधित दूध, पस्मिना, चाउचाउ, औषधिजन्य उत्पादन, जुत्ता आदिको उत्पादन हुने गरेको छ । विराटनगर क्षेत्रमा वनस्पती घिउ तथा तेल, खाद्य पदार्थ, जुटका सामान, धातुका उपकरण, सिमेन्ट आदिको उत्पादन प्रमुख रहेको छ भने जनकपुर क्षेत्रमा चिनी, मदिरा, कागज, सिमेन्ट आदिको उत्पादन हुने गरेको छ । त्यसैगरी, वीरगञ्ज क्षेत्रमा वनस्पति घिउ तथा तेल, प्रशोधित दूध, पशुदाना, हल्का पेय पदार्थ, चुरोट, छाला, लत्ताकपडा,

सिमेन्ट, प्रशोधित छाला, औषधी, फलामको छड तथा पत्ति आदि; पोखरा क्षेत्रमा विस्कुट, चाउचाउ, रवरजन्य वस्तु आदि; सिद्धार्थनगर क्षेत्रमा गहुँको पिठो, वियर, औषधि, सिमेन्ट आदि; नेपालगञ्ज क्षेत्रमा तोरीको तेल, गहुँको पिठो, सिमेन्ट आदि तथा धनगढी क्षेत्रमा गहुंको पिठो, चिरेको काठ, रोजिन लगायतका वस्तुहरुको उत्पादन हुने गरेको छ ।


यस सम्बन्धी विस्तृत विवरण तालिका ७ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.२ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

(क) समीक्षा अवधिमा अध्ययनमा समावेश भएका क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुले औद्योगिक क्षेत्रमा प्रवाह गरेको कर्जा १२.४ प्रतिशतले वृद्धि भई रु. ४ खर्ब ४४ अर्ब ८६ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ८.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा प्रवाहित कुल कर्जामध्ये औद्योगिक क्षेत्रमा गएको कर्जाको अंश ३५.४ प्रतिशत रहेको छ ।

(ख) समीक्षा अवधिमा खानी सम्बन्धी शीर्षकमा प्रवाहित कर्जामा ६.१ प्रतिशतले ह्रास आएको छ भने उत्पादन सम्बन्धी उद्योगमा ११.९ प्रतिशतले, निर्माण क्षेत्रमा ११.८ प्रतिशतले, विद्युत, ग्याँस तथा पानी शीर्षकमा १३.४ प्रतिशतले, धातुका उत्पादन मेसिनरी तथा इलेक्ट्रोनिक सामानमा ८.८ प्रतिशतले र पर्यटन सेवा/उद्योगमा २०.७ प्रतिशतले वृद्धि भएको छ ।

चार्ट : ४ औद्योगिक कर्जा लगानी स्थिति (रु.करोडमा)




(ग) यसरी प्रवाहित कुल औद्योगिक कर्जा मध्ये उत्पादनमूलक क्षेत्रमा सबैभन्दा बढी अर्थात् ५२.७ प्रतिशत रहेको छ भने सबैभन्दा न्यून अर्थात् ०.७ प्रतिशत कर्जा खानी सम्वन्धी उद्योगमा प्रवाह भएको छ । त्यसैगरी, निर्माण सम्बन्धी उद्योगमा कुल औद्योगिक कर्जाको २८.० प्रतिशत, पर्यटन उद्योगमा ८.२ प्रतिशत, विद्युत, ग्याँस तथा पानीमा ६.५ प्रतिशत एवम् धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक उद्योगमा ३.९ प्रतिशत कर्जा प्रवाह भएको छ ।

(घ) अध्ययन क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरुको कुल औद्योगिक कर्जा लगानीमा काठमाण्डौ क्षेत्रको अंश ६२.६ प्रतिशत, विराटनगर क्षेत्रको अंश १०.८ प्रतिशत, जनकपुर क्षेत्रको अंश १.५ प्रतिशत, वीरगञ्ज क्षेत्रको अंश १०.४ प्रतिशत, पोखरा क्षेत्रको अंश ५.७ प्रतिशत, सिद्धार्थनगर क्षेत्रको अंश ५.२ प्रतिशत, नेपालगञ्ज क्षेत्रको अंश २.२ प्रतिशत र धनगढी क्षेत्रको अंश १.७ प्रतिशत रहेको छ । अधिकांश ठूला

बैंक तथा वित्तीय संस्थाका केन्द्रीय कार्यालय काठमाण्डौ क्षेत्रमा रहनु र ठूलो कर्जा लगानी सम्बन्धी अधिकार प्रायः केन्द्रीय कार्यालयहरुमै रहनुले कुल औद्योगिक कर्जामा काठमाण्डौ क्षेत्रको अंश उच्च देखिएको हो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ८ (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।

## २.३ औद्योगिक उत्पादनको परिदृश्य (Outlook)

(क) सर्वसाधारणको उपभोग प्रवृत्तिमा आएको सकारात्मक परिवर्तनसंगै आन्तरिक तथा बाह्य बजार मागमा आएको विस्तारका कारण चिया, चाउचाउ तथा हल्का पेयपदार्थजन्य बस्तुहरु उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा वृद्धि हुनगई उत्पादनमा समेत सकरात्मक प्रभाव पर्न जाने देखिन्छ । ए.आई. मिसन, पशुबीमा लगायतका कार्यक्रमका कारण कृषकहरु पशुपालनमा अग्रसर देखिएको तथा उपभोक्ताहरुमा दूध र प्रशोधित दुग्धजन्य उत्पादनको उपभोग गर्ने प्रवृत्तिको विकास भएकोले यसबाट प्रशोधित दुग्ध पदार्थको उत्पादनमा सकारात्मक प्रभाव पर्ने देखिन्छ । नगदे बालीको रुपमा रहेको उखु खेतीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको कारण उखु खेतीको क्षेत्रफलमा विस्तार हुनुका साथै उखुको उत्पादनमा वृद्धि भएसँगै चिनीको उत्पादनमा वृद्धि हुनजाने देखिन्छ । त्यसैगरी, कुखुरापालन व्यवसायमा पुनः विस्तार आएका कारण पशुदानाको बजार मागमा भएको वृद्धिसँगै पशुदानाको उत्पादनमा वृद्धि हुन जाने देखिन्छ ।

(ख) आन्तरिक बजारमा पश्मिनाको खपत न्यून रहनुका साथै अन्तर्राष्ट्रिय बजार मागमा समेत कमी आएकोले पश्मिना उत्पादनमा ठुलो मात्रमा गिरावट आएको र आगामी अवधिमा पनि यसको उत्पादनमा कमी आउने देखिन्छ । त्यसैगरी, भौतिक पूर्वाधार एवम् आवासीय घरहरुको निर्माणमा भएको विस्तारका कारण सिमेन्टको माग उच्च रहेको, देशमा यथेष्ट मात्रामा कच्चा पदार्थ रहेको र विदेशी लगानीमा नयाँ उद्योगहरु स्थापना हुने क्रम समेत रहेकाले आगामी दिनमा यसको उत्पादन वृद्धि हुने देखिन्छ । साथै, विकास निर्माणमा भइरहेको वृद्धिसँगै ईट्टा, फलामको छड तथा पत्ति, बिजुलीको तार र केबल उत्पादनमा समेत थप वृद्धि हुन जाने संभावना देखिन्छ ।

# परिच्छेद ३
# सेवा क्षेत्र

## ३.१ पर्यटन उद्योग

समीक्षा अवधिमा अध्ययनमा समेटिएका जिल्लाहरुमा पर्यटक स्तरीय होटलको संख्या ९.० प्रतिशतले वृद्धि भई १ हजार ६ सय ७० पुगेको छ भने होटल शैया संख्या ६.२ प्रतिशतले वृद्धि भई ४७ हजार १ सय ८५ पुगेको छ । गत वर्षको सोही अवधिमा सो संख्यामा क्रमशः १२.७ प्रतिशत र १२.० प्रतिशतले वृद्धि भएको थियो ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ९ (समग्र तथा क्षेत्रगत) मा दिइएको छ ।

## ३.२ घर-जग्गा कारोबार

(क) समीक्षा अवधिमा समग्र घर-जग्गा रजिष्ट्रेशन संख्यामा १.८ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा सो संख्यामा ०.९ प्रतिशतले ह्रास आएको थियो । समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलनमा ३९.९ प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ३१ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्व संकलनमा १६.४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्यामा ५.९ प्रतिशतले वृद्धि भएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्यामा ३.२ प्रतिशतले वृद्धि भएको थियो ।

(ख) समीक्षा अवधिमा घर-जग्गा रजिष्ट्रेशन संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा काठमाण्डौ क्षेत्रमा ५.९ प्रतिशतले, वीरगञ्ज क्षेत्रमा १४.१ प्रतिशतले, सिद्धार्थनगर क्षेत्रमा १५.५ प्रतिशतले र नेपालगञ्ज क्षेत्रमा २.० प्रतिशतले वृद्धि भएको छ भने विराटनगर क्षेत्रमा २.१ प्रतिशतले, जनकपुर क्षेत्रमा १.२ प्रतिशतले, पोखरा क्षेत्रमा १०.३ प्रतिशतले तथा धनगढी क्षेत्रमा २०.२ प्रतिशतले गिरावट आएको छ । त्यसैगरी, घर-जग्गा रजिष्ट्रेशन वापतको राजस्व संकलन भने सबै क्षेत्रमा वृद्धि भएको छ जसमध्ये सिद्धार्थनगर क्षेत्रमा सबैभन्दा बढी अर्थात् ६९.८ प्रतिशतले र नेपालगञ्ज क्षेत्रमा सबैभन्दा कम अर्थात् १५.३ प्रतिशतले वृद्धि भएको छ । चालु आर्थिक वर्षमा नेपाल सरकारले देशका विभिन्न जिल्लाहरुमा थप नयाँ नगरपालिका घोषणा गरेसँगै घरजग्गा मूल्याङ्कनमा भएको वृद्धिको कारण रजिष्ट्रेशन वापतको राजस्व शुल्क बढ्न गएको हुंदा राजस्व संकलनमा वृद्धि देखिएको हो । समीक्षा अवधिमा घर/भवन नक्शा पास संख्यालाई क्षेत्रगत रुपमा विश्लेषण गर्दा वीरगञ्ज, नेपालगञ्ज र धनगढी क्षेत्रमा ह्रास आएको छ भने अन्य सबै क्षेत्रमा यस्तो संख्यामा वृद्धि भएको छ ।

यस सम्बन्धी विस्तृत विवरण तालिका १० (समग्र तथा क्षेत्रगत) मा प्रस्तुत गरिएको छ ।


## ३.३ वित्तीय सेवा

(क) अध्ययन क्षेत्रमा समेटिएका ४७ जिल्लामा वाणिज्य बैंकका १५०९, विकास बैंकका ७३३, वित्त कम्पनीका २३३ तथा लघुवित्त विकास बैंकका ७६५ गरी जम्मा ३२४० वटा शाखाहरु सञ्चालनमा छन् । यसमध्ये काठमाण्डौ क्षेत्रमा सबैभन्दा बढी अर्थात् ९४२ वटा तथा धनगढी क्षेत्रमा सबैभन्दा कम अर्थात् १५८ वटा शाखाहरु सञ्चालनमा रहेका छन् ।

यस सम्बन्धी विस्तृत विवरण तालिका ११ मा दिइएको छ ।

(ख) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेप ७.२ प्रतिशतले वृद्धि भई रु. १५ खर्ब ५२ अर्ब २४ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो निक्षेप ७.० प्रतिशतले

वृद्धि भएको थियो । अध्ययन क्षेत्रभित्र बैंकिङ्ग सेवामा भएको विस्तार, सर्वसाधारणहरुमा वृद्धि हुँदै गएको वित्तीय साक्षरता तथा रेमिट्यान्स आप्रवाहमा आएको वृद्धि लगायतका कारण निक्षेप सङ्कलनमा वृद्धि भएको हो ।




(ग) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा ११.६ प्रतिशतले वृद्धि भई रु. १२ खर्ब ५५ अर्ब ६७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा प्रवाहमा १०.६ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिको अन्तमा कर्जा निक्षेप अनुपात ८०.९ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ७७.७ प्रतिशत रहेको थियो ।

(घ) समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुले संकलन गरेको कुल निक्षेपमा काठमाण्डौ क्षेत्रको अंश ७०.२ प्रतिशत रहेको छ भने काठमाण्डौ उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश पोखरा क्षेत्रको ७.५ प्रतिशत तथा सबैभन्दा कम अंश धनगढी क्षेत्रको १.४ प्रतिशत रहेको छ । अध्ययन क्षेत्र अन्तर्गत तथ्यांङ्कमा समेटिएका बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा काठमाण्डौ क्षेत्रको अंश ५६.८ प्रतिशत रहेको छ भने काठमाण्डौ उपत्यका बाहिरका क्षेत्रहरुमध्ये सबैभन्दा बढी अंश विराटनगर क्षेत्रको १०.६ प्रतिशत तथा सबैभन्दा कम धनगढी क्षेत्रको अंश २.३ प्रतिशत रहेको छ ।

निक्षेप तथा कर्जा सम्बन्धी विस्तृत विवरण तालिका १२ मा प्रस्तुत गरिएको छ ।

## ३.४ यातायात तथा संचार

(क) समीक्षा अवधिमा अध्ययन क्षेत्र अर्न्तगत रहेका अञ्चल यातायात कार्यालयहरुबाट प्राप्त तथ्याङ्कको आधारमा दर्ता भएका कुल सवारी साधन संख्यामा अघिल्लो वर्षको तुलनामा ८.५ प्रतिशतले वृद्धि भएको देखिन्छ, जसमध्ये मोटरसाईकलको संख्या ९.२ प्रतिशतले तथा अन्य सवारी साधनको संख्या ६.० प्रतिशतले बढेको छ ।

यस सम्बन्धी विवरण तालिका १८ मा दिइएको छ ।

(ख) समीक्षा अवधिमा नेपाल टेलिकम, एन-सेल तथा अन्य कम्पनीहरुबाट वितरण गरिएको मोवाईल (सिडिएमए समेत) तथा ल्याण्ड लाईन टेलिफोनको संख्यामा २२.२ प्रतिशतले वृद्धि भई २ करोड ६० लाख ५६ हजार ४ सय ६७ पुगेको छ भने कुल वितरित ईन्टरनेट सेवा ४८.६ प्रतिशतले वृद्धि भई

१ करोड २ लाख ७६ हजार ७ सय ४८ पुगेको छ। त्यसैगरी, २०६८ को राष्ट्रिय जनगणनालाई आधार मान्दा समीक्षा अवधिमा ९८.४ प्रतिशत नेपालीहरुमा टेलिफोनको पहुँच पुगेको देखिन्छ भने ईन्टरनेटको पहुँच ३८.८ प्रतिशत जनसंख्यामा पुगेको छ।

यस सम्बन्धी विवरण तालिका २१ मा प्रस्तुत गरिएको छ।

## ३.५ सेवा क्षेत्रको परिदृश्य (Outlook)

(क) समीक्षा अवधिमा पर्यटकीय होटल तथा रेष्टुरन्टको संख्यामा भएको वृद्धि, सेवा तथा सुविधाको गुणस्तरमा आएको सुधार एवम् गतवर्ष सम्पन्न संविधानसभाको निर्वाचन पश्चात् देखिएको राजनैतिक स्थिरताको कारण पर्यटक आगमनमा सुधार हुन सक्ने सम्भावना रहेको छ।

(ख) केही वर्षदेखि शिथिल रहेको घर-जग्गा कारोबारमा सुधार हुने क्रम देखिएकोले चालु आर्थिक वर्षमा घर-जग्गा राजस्व, रजिष्ट्रेशन एवम् नक्सा पास संख्यामा थप वृद्धि हुने देखिन्छ।

(ग) नेपाल राष्ट्र बैंकले संचालन गरेको वित्तीय साक्षरता अभियान तथा दुर्गम तथा पहाडी क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाहरुले उपस्थिति बढाउँदै लगेको कारण ग्रामीण क्षेत्रमा वित्तीय पहुँच अभिवृद्धि हुने देखिन्छ।

## परिच्छेद ४

# प्रमुख चुनौतीहरू

## ४.१ कृषि क्षेत्र

- देशको भू-अवस्था अनुसार हिमाली, पहाडी एवम् तराईमा जमिनको संरचना अनुसारका साना, मझौला तथा ठूला एवम् जलाशययुक्त सिँचाई आयोजनाहरुको निर्माण गरी सिँचाई सुविधाको विस्तार गर्ने, कृषकहरुलाई उन्नत जातका बीउ/बिजन उपलब्ध गराउने, गुणस्तरीय रासायनिक मलको आपूति गर्ने, कृषि औजारहरुको समुचित व्यवस्थापन गर्ने तथा कृषि प्रसार सेवाको सहज आपूर्ति गराउने आदि चुनौतीहरु कृषि क्षेत्रमा प्रमुख रुपमा रहेका छन् ।
- कृषि उपजको मूल्यमा स्थिरीकरण गर्न, बिचौलीयाहरुको प्रभावबाट मुक्त रहन तथा आपतकालीन खाद्य व्यवस्थापन गर्न कृषि उत्पादनको संकलन तथा भण्डारणका लागि ग्रामीण तथा मुख्य कृषि क्षेत्रहरुमा आवश्यक गोदामघर र शीतगृहहरुको स्थापना गर्ने, प्रभावकारी बजार अनुगमन गर्ने एवम् उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- कृषि व्यवसायलाई सुरक्षित एवम् व्यवस्थित गर्न हाल कार्यान्वयनमा रहेको वाली तथा पशुपंक्षी बीमा सम्वन्धी व्यवस्थालाई थप विस्तार गर्ने, वीमाको नीतिगत व्यवस्था भित्रको कार्यान्वयन पक्षमा रहेका प्रकृयागत जटिलतालाई सरलीकरण गरी प्रभावकारी रुपमा संचालन गर्ने एवम् सोको व्यापक प्रचार प्रसार गरी ग्रामीण क्षेत्रमा वीमा कम्पनीको उपस्थितीलाई विस्तार गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ ।
- भारतले कृषि क्षेत्रलाई उच्च महत्व दिई बजेट मार्फत कृषि सामाग्रीमा अनुदानको व्यवस्था एवम् कृषि कर्जामा ब्याज सहुलियत प्रदान गर्ने लगायतका कारण भारतीय कृषि उपज सस्तो हुन गई नेपाली उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था विद्यमान रहेकोले नेपालले पनि कृषि क्षेत्रमा उपयुक्त बजेट बिनियोजन मार्फत कृषि व्यवसायमा अनुदान तथा सहुलियतहरु प्रदान गरी प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्दै कृषि क्षेत्रलाई थप आर्कषक बनाउने कार्य चुनौतीको रुपमा विद्यमान रहेको छ ।
- ग्रामीण क्षेत्रमा रहेको युवा जनशक्ति बैदेशिक रोजगारीतर्फ आकर्षित भईरहेको, उपलब्ध जनशक्ति कृषि क्षेत्रतर्फ आकर्षित हुन नसकेकाले कृषि क्षेत्रमा जनशक्तिको अभाव हुँदै गएको छ भने यस क्षेत्रको ज्यालादर वृद्धि भई कृषि क्षेत्रको उत्पादन लागत समेत बढ्न गएको छ । तसर्थ, कृषि क्षेत्रमा यान्त्रिकीकरणलाई प्रोत्साहन गरी कृषिलाई व्यवसायिक एवम् आयमूलक बनाउँदै बैदेशिक रोजगारीमा आकर्षित जनशक्तिलाई यस क्षेत्रतर्फ प्रोत्साहन गर्नु चुनौतीपूर्ण रहेको छ ।

## ४.२ उद्योग क्षेत्र

- विद्यमान उर्जा संकटका कारण उद्योगहरु पूर्ण क्षमतामा संचालन हुन नसक्दा उत्पादित वस्तुहरुको लागत वृद्धि हुन गई प्रतिस्पर्धात्मक क्षमता कमजोर हुँदै गएको एवम् औद्योगिक श्रम सम्बन्धमा आउने उतारचढावले गर्दा उत्पादनमा ह्रास आउने जस्ता कारण लगानीकर्ताहरु उद्योगमा थप लगानी गर्न निरुत्साहित हुने प्रवृत्तिको अन्त्य गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।
- नेपाली युवाशक्ति वैदेशिक रोजगारी तर्फ आकर्षित भई विदेशिने क्रम बढ्दा औद्योगिक क्षेत्रमा श्रम शक्तिको अभाव बढ्दै जानुका साथै यस क्षेत्रमा दक्ष जनशक्तिको अभावका कारण कतिपय उद्योगहरु भारतीय श्रमिकमा भर पर्नु पर्ने अवस्थामा नेपाली श्रमशक्तिलाई दक्ष बनाई यस क्षेत्र तर्फ आकर्षित गर्ने कार्य चुनौतीपुर्ण रहेको छ ।

- विशेष आर्थिक क्षेत्रको स्थापना, औद्योगिक पूर्वाधारको विकास, श्रम कानूनको संशोधन र थप स्थानहरुमा औद्योगिक कोरीडोरहरुको स्थापना लगायत स्थापना भएको विशेष आर्थिक क्षेत्रको व्यवस्थित संचालन गर्ने जस्ता कार्य समेत चुनैतीको रुपमा रहेको छ ।

## ४.३ सेवा क्षेत्र

- नेपाल पर्यटन व्यवसायको प्रशस्त सम्भावना बोकेको मूलुक रहेतापनि व्यवस्थित पर्यटन पुर्वाधारको अभाव, स्तरीय होटल तथा रेष्टुरेन्ट एवम् गुणस्तरीय सेवाको अपर्याप्तता, विश्वासिलो पर्यटक सूचना केन्द्रहरुको कमी, पर्यटकहरुको सुरक्षा, नयाँ गन्तव्य स्थलको पहिचान तथा प्रचार प्रसारको कमी आदि यस क्षेत्रको समस्याका रुपमा रहेकोले यस्ता समस्याहरुलाई सम्बोधन गरी थप पर्यटकहरु आर्कषण गर्न, स्तरीय पर्यटक भित्र्याउने, नयाँ पर्यटकीय स्थानहरुको पहिचान एवम् प्रचार प्रसार गरी लक्षित उद्देश्य प्राप्ती गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।
- पर्यटन व्यवसायलाई रोजगारी सृजना तथा वैदेशिक मुद्रा आर्जनको प्रमुख स्रोतको रुपमा विकास गर्न मुलुकलाई पर्वतीय पर्यटन, सांस्कृतिक पर्यटन, स्वास्थ्य पर्यटन, मनोरञ्जन पर्यटन तथा साहसिक खेलकुद पर्यटन केन्द्रको रुपमा विकास गर्ने कार्य, ऐतिहासिक धरोहरको संरक्षण एवम् पर्यटन प्रबर्द्धनात्मक कार्यक्रमहरुलाई विस्तार गरी पर्यटकहरुको आगमन र बसाई अवधिलाई लम्व्याउने कार्य चुनौतीको रुपमा रहेको छ ।
- बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखाहरु सदरमुकाम तथा शहरी क्षेत्रमा मात्र केन्द्रित रहने प्रवृत्तिलाई निरुत्साहित गर्ने, ग्रामीण भेगमा वित्तीय सेवाको विस्तार गरी वित्तीय पहुँचमा वृद्धि गर्ने र वित्तीय साक्षरता अभियानलाई गाउँ गाउँसम्म पुऱ्याई वित्तीय सेवाको मागमा अभिवृद्धि गर्ने कार्य चुनौतीको रुपमा रहेको छ ।

## ४.४ पूर्वाधार क्षेत्र

- पूर्वाधारको निर्माण कार्य सरकार एक्लैले गर्न सम्भव नभएकोले देशमा पर्याप्त वैदेशिक लगानी भित्र्याउने, स्वदेशी निजी लगानीकर्तालाई पूर्वाधार विकासमा सहभागी गराउने वातावरणको सिर्जना गर्ने, पूर्वाधार निर्माणसँग सम्वन्धित विभिन्न निकायहरु वीच समन्वय कायम गर्ने, पूर्वाधारहरुको निर्माण तथा मर्मत कार्यमा पारदर्शिता, प्रभावकारीता एवम् गुणस्तरीयता कायम गर्ने जस्ता कार्यहरु चुनौतीको रुपमा रहेका छन् ।
- देशभित्र रहेको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थलमा उडान चाप उच्च हुन गई धावनमार्गमा समस्या देखापरेकोले पर्यटन क्षेत्र लगायत सम्पूर्ण आर्थिक क्षेत्रनै प्रभावित हुने गरेकोले द्रुत गतिमा थप अन्तर्राष्ट्रिय विमानस्थलहरुको निर्माण गर्ने र भएको अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नती गर्ने कार्य चुनौतीको रुपमा अगाडि आएको छ ।
- अस्थिर राजनैतिक वातावरण, स्थानीय जनसमुदायबाट आउने अनावश्यक दवाव तथा नीतिगत अस्पष्टता लगायतका कारण जलविद्युत क्षेत्रमा पर्याप्त वैदेशिक लगानी आर्कषण गर्ने कार्य चुनौतीको रुपमा रहेका छन् ।

***